नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक ११२    २०७७ साल मंसिर १२ गते शुक्रबार (27 Nov. 2020 Friday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : परिवार नियोजनमा पुरुषभन्दा ... ३ पृष्ठमा : ट्रेन्च प्रविधिबाट उखुखेती ... ३ पृष्ठमा अर्जेन्टिनी फुटबलर ...

# कोशी पीडितद्वारा मुआब्जा र क्षतिपूर्तीका लागि भारतीय पक्षलाई ध्यानाकर्षण




**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

कोशी पीडित उत्थान समाज सुनसरी, उदयपुर र सप्तरीले कोशी पीडितहरुले तीन पुस्तादेखी मुआब्जा र क्षतिपूर्ति माग्दै आएपनि हालसम्म नपाएको भन्दै बिहीबार १२ बुँदे संयुक्त अपील जारि गरेका छन् ।

कोशी पीडित उत्थान समाज सुनसरी, उदयपुर र सप्तरीका अध्यक्ष काशिम अन्सारीले बिहीबार सरोकारवालासहित सर्वसाधारणलाई समेत सो अपील बितरण गर्दै सहयोगका लागि अपील गरेका हुन् ।

भारतीय विदेश सचिव हर्षबर्द्धन श्रृगला दुई दिने औपचारिक भ्रमणका क्रममा बिहीबार नेपाल आएको अवसर पारेर जारि गरिएको १२ बुँदे अपीलमा कोशी पीडितहरुले भोग्नु परेको पीडा र समस्याको बारेमा भारतीय पक्ष समक्ष गम्भिर ध्यानाकर्षण गराई दिन समेत सरकारलाई आग्रह गरिएको छ ।

कोशी सम्झौताको कार्यान्वयनसहितका १२ बुँदे अपिल पत्रमा सप्तकोशीमा पुल निर्माणका क्रममा भारतले अधिग्रहण गरेको सुनसरी, उदयपुर र सप्तरीवासीको हजारौं विगहा नम्बरी जग्गाको मुआब्जा र बालिको क्षतिपूर्ती ७० वर्ष नाघिसक्दा पनि नपाएको उल्लेख गरिएको छ ।

भारत सरकारले कोशी सम्झौता अनुसार वर्षे पिच्छे कोशी कटानबाट पीडितलाई दिनुपर्ने

***बाँकी अन्तिम पृष्ठमा***

# अग्निपीडितलाई राहत प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

सप्तरीको राजगढ गाउँपालिका ३ स्थित नर्घोका अग्निपीडितहरुलाई बिहीबार राहत प्रदान गरिएको छ ।

धर्मी हल्का महिला विकास क्लव सप्तरीले अग्निपीडितहरू सीताराम यादव र हरेराम यादवलाई राहत प्रदान गरेको हो ।

संस्थाले राहतस्वरूप त्रिपाल, झुल, तन्ना, धोती र भाडाकुडा लगायतका सामाग्रीहरु प्रदान गरेको संस्थाका अध्यक्ष समाजसेवी ई सूर्य नारायण यादवले जानकारी दिएका छन् ।

सो अवसरमा राजगढ गाउँपालिकाको अध्यक्ष परमानन्द यादव, प्रहरी चौकी झुटकीको प्रहरी सहायक निरीक्षक राम कुमार यादव, कृषि शाखा प्रमुख महिनारायण यादव, दिलिप मण्डल, पारसमणी पप्पु लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

मसीर ८ गते उनीहरुको घरमा आगलागि हुदा ८ लाखभन्दा बढीको क्षति भएको थियो ।

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३ ० ५ १ १ ४ ४ १ ७

चलानी नं :- ८५
पत्र संख्या :- ०७७/०७८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

प्रस्ताबहरु

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

कार्यक्रम

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

**कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं**



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

**तपाईंले अपनाउनु पर्ने सावधानीहरु**



- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# परिवार नियोजनमा पुरुषभन्दा महिलाको सहभागिता बढी

काठमाडौँ, ११ (रासस)।

परिवार नियोजनको साधनमा महिलाको तुलनामा पुरुषको सहभागिता कम हुने गरेको पाइएको छ। परिवार नियोजनका स्थायी र अस्थायी साधन दुवैमा महिलाको सहभागिता पुरुषभन्दा बढी हुने गरेको पाइएको छ।

परिवार नियोजनको स्थायी साधन मिनील्याप महिला र भ्यासेक्टोमी पुरुषले गर्ने गरेका छन्। पुरुषमा स्थायी भ्यासेक्टोमी र अस्थायी कण्डम मात्र रहेको तथा महिलामा डिपोप्रोगेरा, इम्प्लाण्ट, पिल्स, कपर टी (आइयुसिडी) अस्थायी र स्थायी मिनील्याप छ। पुरुषप्रधान मुलुक भएको र स्थायी बन्ध्याकरण गर्दा नकारात्मक सन्देश प्रवाह हुँदा पुरुषको सहभागिता कम हुने गरेको बताइएको छ। पुरुषले स्थायी बन्ध्याकरण नगर्दा बाध्य भएर महिलाले गर्नुपरेको बताइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवारकल्याण महाशाखाका तथ्याङ्क अधिकृत पुष्कर बिजुक्छेका अनुसार विगत चार आर्थिक वर्षमा पुरुषका तुलनामा करीब तीनगुणा महिलाले स्थायी बन्ध्याकरण गरेका छन्। सो चार आवमा भ्याक्सेटोमीमा १३ लाख नौ हजार ९५३ र मिनील्यापमा ४० लाख ४२ हजार ६९८ जना सहभागी भए। आव २०७५/७६ मा १० लाख एक हजार ८०६ महिलाले मिनील्याप र तीन लाख १६ हजार २६७ पुरुषले भ्याक्सेटोमी गराएका छन्।

यस्तै आव २०७४/७५ मा १० लाख पाँच हजार ८३० महिला र तीन लाख २५ हजार २६६ पुरुष, आव २०७३/७४ मा १० लाख ४० हजार ७८ महिला र तीन लाख ४५ हजार ६३४ पुरुष तथा आव २०७२/७३ मा नौ लाख ९२ हजार ९८४ महिला र तीन लाख २२ हजार ७९२ पुरुष स्थायी बन्ध्याकरणमा सहभागी छन्। त्यसो त पुरुषको तुलनामा महिलाले परिवार नियोजनका स्थायी वा अस्थायी साधन बढी प्रयोग गर्दा जोखिमसमेत हुने गरेको छ। एक त शिशु जन्माउनुपर्ने र अर्कातिर परिवार नियोजनका लागि सहभागी हुनुपर्ने जस्ता बाध्यताले जोखिम बढ्ने जनस्वास्थ्यविद्को भनाइ छ। भ्यासेक्टोमीमा पुरुषमा रहेको शुक्रकिट बहने नलीलाई काटिन्छ। मिनील्याप महिलाको डिम्बको दुई नशा काटेर गरिन्छ। पुरुषको बन्ध्याकरण सजिलो र महिलाको मिनील्याप जटिल खालका शल्यक्रिया हुन्।

परिवारकल्याण महाशाखाका वरिष्ठ नर्सिङ प्रशासक कविता अर्यालले परिवार नियोजनको साधन पुरुषका तुलनामा महिलाको बढी भएकाले स्वाभाविकरूपमा महिलाको सहभागिता बढी हुने बताउनुभयो। उहाँ महिलाले परिवार नियोजन गर्दा पुरुषका तुलनामा जोखिम रहेको बताउनुहुन्छ। "एक त महिलाले बच्चा जन्माउने गर्दछन्। अर्कातिर स्थायी र अस्थायी साधन पनि महिलाले बढी प्रयोग गर्दछन्", उहाँले भन्नुभयो, "त्यही परिवार नियोजनको साधन पुरुषले गर्दा हुन्छ तर पितृसत्तात्मक कारणले महिलाले बढी गरेको पाइन्छ।" उहाँ नीति नै ल्याएर पुरुषलाई परिवार नियोजनमा सहभागिता गराउनुपर्ने बताउनुहुन्छ।

पुरुषले यौनशक्तिमा कमी आउनेजस्ता भ्रमले गर्दा स्थायी बन्ध्याकरण कम हुने गरेको उहाँ बताउनुहुन्छ। "भ्याक्सेटोमी गर्दा यौन शक्तिमा असहजता आउँछ, यौनशक्तिमा कमी आउँछ जस्ता भ्रमले गर्दा पुरुष भ्याक्सेटोमी गर्न मान्दैनन्", उहाँले भन्नुभयो, "तर त्यस्तो केही हुँदैन। भ्रमले गर्दा पुरुष स्थायी बन्ध्याकरणमा सहभागी भएका छैनन्।"

महाशाखा तथ्याङ्क अधिकृत बिजुक्छेका अनुसार आव २०७६/७७ मा अस्थायी साधन डिपोप्रोगेरा प्रयोग गर्ने २० वर्षभन्दा मुनिका महिला २१ हजार ३१३ र २० वर्षभन्दा माथिका दुई लाख ५० हजार २४६ जना तथा कपर टी प्रयोग गर्ने २० वर्षभन्दा मुनिका ६६७ र २० वर्षभन्दा माथिका १३ हजार ८४३ जना छन्। यस्तै इम्प्लाण्ट गर्ने २० वर्षमुनिका तीन हजार ८६९ र २० वर्षभन्दा माथिका ८३ हजार ७४२ तथा पिल्स प्रयोग गर्ने २० वर्षमुनिका ११ हजार ३९२ र २० वर्षभन्दा माथिका एक लाख ३४ हजार ८७७ जना छन्।

यस्तै पुरुषका लागि अस्थायी साधन कण्डम आव २०७६/७७ मा दुई करोड ४३ लाख ७७ हजार ९७९ वितरण गरिएको छ। एक जनाले १५० वटा प्रयोग गरेपछि मात्र गर्भनिरोधक मानिन्छ। महाशाखाको तथ्याङ्कअनुसार एक लाख ६२ हजार ५२० जना गत आवमा गर्भनिरोधक रहेको मानिएको छ। आव २०७५/७६ मा दुई करोड ८१ लाख ८१ हजार ७०७, आव २०७४/७५ मा दुई करोड ९२ लाख ३३ हजार २१, आव २०७३/७४ मा तीन करोड ३१ लाख ९६ हजार ६१८ र आव २०७२/७३ मा तीन करोड ३० लाख २८ हजार ७० वटा कण्डम वितरण गरिएको छ।

जनस्वास्थ्यविद् तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका स्वास्थ्य सल्लाहकार डा खेमबहादुर कार्कीले हाम्रो मुलुकमा पितृसत्तात्मक समाजको असर परिवार नियोजनमा पनि देखिएको बताउनुभयो। "परिवार नियोजनका स्थायी र अस्थायी साधन पुरुषको महिलाको भन्दा सस्तो र सजिलो छ", उहाँले भन्नुभयो, "तर पुरुषप्रधान समाज भएकाले पुरुष आफैँले परिवार नियोजन नगरेर महिलालाई बाध्य बनाउने गर्छ।" स्थायी बन्ध्याकरणको कुरा आर्थिक सशक्तीकरणसँग पनि जोडिएकाले महिलाले परिवार नियोजनको साधन बढी प्रयाग गर्ने गरेको उहाँ बताउनुहुन्छ।

"श्रीमतीले पनि श्रीमान्ले बन्ध्याकरण गर्दा कमजोर हुन्छन्, आर्थिक उपार्जन गर्न सक्दैनन् जस्ता कारण देखाएर आफूले नै स्थायी बन्ध्याकरण गर्ने गरेको पाइएको छ", उहाँले भन्नुभयो, "अब महिला पनि आर्थिक सशक्तीकरणमा बढ्दै गएकाले परिवर्तन आउने छ।" उहाँले महिला पुरुषको दुवैको आर्थिकोपार्जनमा उत्तिकै सहभागिता देखिन थालेकाले महिलाले मात्र नभई पुरुष पनि परिवार नियोजन गर्नका लागि सचेत हुनुपर्ने बताउनुभयो।

जनस्वास्थ्यविद् डा लक्ष्मी तामाङ स्थायी बन्ध्याकरण गर्दा नपुसङ्क हुने र कण्डम प्रयोग गर्दा सन्तुष्टि हुँदैन भन्ने भ्रमका कारण पुरुषको परिवार नियोजनमा सहभागिता कम भएको बताउनुहुन्छ। "पुरुषमा परिवार नियोजनका स्थायी र अस्थायी साधन प्रयोग गर्दा नकारात्मक कुरा बढी फैलाइएको छ। भ्याक्सेटोमी सरल छ, यसबाट कुनै नकारात्मक असर पर्दैन। कण्डम प्रयोग गर्दा पनि कतै कुनै साइड इफेक्ट गर्दैन", उहाँले भन्नुभयो, "तर अज्ञान र भ्रमका कारण पुरुषले आफू परिवार नियोजन स्थायी वा अस्थायी साधन प्रयोग नगरी महिलालाई गर्न लगाउँछन्।"

उहाँले महिलाले स्थायी र अस्थायी साधन प्रयोग गर्दा कम्तीमा तीन महिना कुनै न कुनै रूपमा साइड इफेक्ट पर्ने गरे तापनि पुरुषले बाध्य भएर महिलालाई नै परिवार नियोजनमा सहभागिता गराउने गरेको बताउनुभयो। उहाँ पुरुषको परिवार नियोजनमा सहभागिता गराउनका लागि स्थानीय तहमा नै सचेतना फैलाउनुपर्नेमा जोड दिनुहुन्छ।

## सम्पादकीय ....

### विभिन्न घटना न्युनिकरणका लागि तीनै तहका सरकार गम्भिर हुनु आवश्यक

लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान प्रारम्भ भएको छ। हरेक वर्ष यो अभियान १६ दिनसम्म चल्ने गरेको छ। यस अभियान अन्तरगत विभिन्न हिंसालाई न्युनिकरण तथा सचेतनालगायतका कार्यक्रम गरि जनचेतना दिइन्छ। यता प्रदेश २ मा यस्ता अभियानले खासै सफलता पाएको देखिदैन्। कीन भने हाल प्रदेश २ का विभिन्न जिल्लाहरुमा महिला तथा बालबालिका हिंसाले उग्र रुप लिएको देखिन्छ। गत साता जनकपुरमा एकजना श्रीमानले आफ्नै श्रीमती र छोरीमाथी एसिड प्रहार गरेको घटना नसेलाउँदै महोत्तरीमा एक ६ वर्षिया बालिकाको बलात्कारपछि हत्या गरिएको घटना सार्वजनिक भएको छ।

नेपालमा विगतका वर्षहरुमा महिला हिंसाका घटना निकै बढ्दो छ। चाहे त्यो दाइजोको नाममा होस् वा घरायसी विवाद वा विभिन्न बहानामा यस्ता घटना हुने गरेको पाइन्छ। यसरी यस्ता घटना भएपछि प्रहरीले अपराधीलाई पक्राउ गर्न सफल हुन्छ। तर अपराधी पक्राउ गर्नु र उसलाई कानुन अनुसार दण्ड सजाय दिनुले समाजमा अपराधीक प्रबृती समाप्त हुन्छ भने छैन्। यस्ता घटना न्युनिकरणका लागि सबै स्तरबाट एकै स्वरमा आवाज उठ्नु पनि उत्तिकै आवश्यक छ।

समाजमा हुने विभिन्न अपराधिक घटना तथा लैङ्गिक घटनाहरु बारे अझै जनचेतनाको अभाव छ। हुनत कसको मनमा के छ भन्ने कसैले बुझ्न सक्दैन। तर पनि यस्ता गतिविधिलाई सामाजिक स्तरबाटै न्युनिकरण गर्न सबै पक्ष एकजुट हुनैपर्छ। अनिमात्र यस्ता गतिविधीलाई समाजबाट न्युनिकरण गर्न सकिन्छ। तसर्थ यसप्रति तीनै तहका सरकार तथा सरोकारवाला निकायले गम्भिर भएर लागे मात्र न्युनिकरण हुन सक्ने कुरामा दुईमता नहोला।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ट्रेन्च प्रविधिबाट उखुखेती गर्ने किसानलाई अनुदान

सर्लाही, ११ मङ्सिर (रासस)।

जिल्लाको गोडैता नगरपालिका-५ स्थित महालक्ष्मी चिनी उद्योगले ट्रेन्च प्रविधिबाट उखु खेती गर्न किसानलाई अनुदान दिने भएको छ।

गोडैताका उखु उत्पादक किसानका लागि उद्योगले प्रतिबिघा रु चार हजार मूल्य बराबरको अनुदान दिने भएको हो। आर्थिक वर्ष २०७५/७६ देखि सञ्चालनमा आएको सो उद्योगले ट्रेन्च प्रविधिबाट उखुखेती गर्न यहाँका किसानलाई प्रतिबिघा रु चार हजार अनुदानका साथै आवश्यक मात्रामा रासायनिक मल तथा विषादीसमेत निःशुल्क उपलब्ध गराउने उद्योगले जनाएको छ।

ट्रेन्च प्रविधिबाट खेती गर्दा ३० देखि ४० प्रतिशतसम्म उखुको उत्पादकत्वमा वृद्धि हुने बताइएको छ। ट्रेन्च प्रविधि भन्नाले आधुनिक हलोको मद्दतले ड्याम बनाएर उखुलाई रोपिने विधि हो। यो प्रविधिबाट खेती गर्दा उखुको बोट र जरा विकसित बढी हुने भएकाले घाम, पानी, हावा तथा बाढीलेसमेत असर कम गर्ने कृषि प्राविधिक निरज बुढाथोकीले बताउनुभयो।

साना-साना ड्याम बनाएर त्यो ड्यामको बीच भागमा अन्तरबालीका रूपमा तोरी, आलु, लहसुन, मुसुरो, धनियाँ, मटर आदि खेती गर्न सकिने भएकाले किसानले यसबाट अतिरिक्त आम्दानी समेत लिन सक्ने उहाँको भनाइ छ। सामान्य विधिबाट उखु लगाउँदा उर्बराशक्ति ३० देखि ३५ प्रतिशत मात्रै हुने गरेकोमा ट्रेन्च प्रविधिबाट खेती गर्दा यसको उर्बराशक्ति ८० देखि ९० प्रतिशतसम्म हुने गरेको कृषि प्राविधिक विनोद रानाले बताउनुभयो। "यस प्रविधिबाट उखुखेती गर्दा सिँचाइमा ६० प्रतिशतसम्म बचत हुन्छ", उहाँले भन्नुभयो, "परम्परागत तरिकाभन्दा यो प्रविधिबाट खेती गर्दा लगानी, मेहनत र समयमा बचत हुनुका साथै यसको उत्पादन र उत्पादकत्वमा समेत वृद्धि हुने भएकाले किसानका लागि यो प्रविधि उपयोगी हुनेछ।"

यसैगरी यो प्रविधिले खेती गर्दा उखु बाँध्न सजिलो, हावाहुरीबाट कम ढल्ने, रोग कीरा कम लाग्ने, उखुमा चिनीको मात्रा अधिक हुने भएकाले तौलसमेत बढ्ने बताइएको छ। परम्परागत तरिकाबाट खेती गर्दा किसानले प्रतिबिघा दुई सयदेखि २५० क्विन्टल उत्पादन गर्दै आएकोमा यो प्रविधिबाट खेती गर्दा प्रतिबिघा एक हजार ५०० देखि एक हजार ६०० क्विन्टल र कम्तीमा पनि ८०० क्विन्टल उखु उत्पादन गर्न सकिने कृषि प्राविधिक रानाको भनाइ छ।

यो प्रविधिबाट खेती गर्दा प्रतिबिघा ४.५ लाख भन्दा बढी आम्दनी गर्न सकिने महालक्ष्मी उद्योगका प्रमुख कार्यकारी निर्देशक कृष्णप्रसाद दासले बताउनुभयो। शरदकालीन उखुखेती गर्ने किसानलाई बढी उत्पादनका लागि उद्योगले छिटो उत्पादन हुने (अर्ली भेराइटी) २३८, ११८, ९३०१ र ९८०१४ जातको उखुखेती गर्न प्रोत्साहित गर्नुका साथै उखु लिने समयमा कटा हुने गरी उखुको बीउसमेत निःशुल्क उपलब्ध गराउँदै आएको उद्योगले जनाएको छ।

उद्योगबाट प्रत्यक्ष रूपमा ३०० देखि ३५० जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्ष रूपमा एक हजार जनाले रोजगारी पाएका छन्। चिनी उद्योगलाई मङ्सिर मसान्तसम्म सञ्चालन गर्ने लक्ष्य अनुसार काम भइरहेकोमा अहिले पनि उद्योगमा नियमित १२९ मजदूर निरन्तर काममा लागिरहेका उद्योगले जनाएको छ।

सर्लाहीमा तिनवटा उखु उद्योग भएपछि उद्योगलाई उखुको अभाव हुने गरेको छ। यहाँको उद्योगको प्रतिदिन क्रसिङ क्षमता २४ देखि २५ हजार क्विन्टल रहेकोमा आपूर्ति १५ देखि १६ हजार क्विन्टल मात्र हुने गरेको छ। आर्थिक वर्ष २०७५/०७६ मा सर्लाहीमा २६ हजार हेक्टर क्षेत्रफलमा उखुखेती गरिएको उखु उत्पादक किसान महासङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनालीले बताउनुभयो।

महालक्ष्मी उद्योगअन्तर्गत एक हजार ५०० हेक्टर उखुखेती मात्र हुने गरेको छ। सर्लाहीमा उखुको अभाव हुने हुँदा उद्योगहरू नगदमा भए पनि उद्योग सञ्चालनका लागि भारतबाट उखु आयात गर्न बाध्य हुने गरेका छन्। गतवर्ष महालक्ष्मी उद्योगले सात लाख क्विन्टल उखु क्रसिङ गरेको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने बा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### अर्जेन्टिनी फुटबलर म्याराडोनाको निधन

ब्युनस आयर्स, ११ मङ्सिर (रासस/एपी)।

अर्जेन्टिनाका महान फुटबल खेलाडी डिएगो म्याराडोनाको ६० वर्षको उमेरमा निधन भएको छ। सन् १९८६ को विश्वकप अर्जेन्टिनाले विश्वकप फुटबलको उपाधि जित्दा उनी प्रमुख खेलाडी थिए।

म्याराडोनाका प्रवक्ता सेबास्टियन सान्चीले म्याराडोनाको हृदयघातका कारण बुधबार निधन भएको जानकारी दिनुभयो। ब्युनस आयर्सको एक अस्पतालमा मस्तिष्कको शल्यक्रिया गरिसकेपछि दुई हप्ता पहिले डिस्चार्ज भएर घरमै आराम गरिरहनु भएको थियो।

अर्जेन्टिनाका राष्ट्रपतिको कार्यालयले म्याराडोनाको निधनमा तीन दिने राष्ट्रिय शोक घोषणा गरिने जनाएको छ। अर्जेन्टिनी फुटबल संघले म्याराडोनाको निधनप्रति सामाजिक संजाल ट्वीटर मार्फत गहिरो दुःख व्यक्त गरेको छ।

सन् १९८६ विश्वकप फुटबलमा म्याराडोनाले इङ्ल्यान्ड विरुद्धको फाइनल खेलमा टाउकाले बल हान्नेक्रममा बलले हातलाई छोएको थियो, तर त्यही हातले छोएर भएको गोल सदर भयो। त्यही कारण उनको त्यो गोल गर्ने हातलाई "ह्यान्ड अफ गड" भनिन्छ।

अर्जेन्टिनाका राष्ट्रपति अल्फ्रेडो फर्नान्डेजले म्याराडोनाले अर्जेन्टिनालाई विश्वभर चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै म्याराडोनाले अर्जेन्टिनीलाई अति खुशी तुल्याउन अतुलनीय योगदान गरेको बताउनु भएको छ।

लागूऔषध सेवनको कूलतमा फसेका कारण ठूलो मानसिक, सामाजिक क्षति व्यहोर्नु परे पनि आफ्नो जीवनकालमा म्याराडोनाले धेरै पदक र पुरस्कार प्राप्त गर्नु भएको छ।

### भारतमा २४ घण्टामा थप ४४ हजार ४८९ जनामा कोरोना भाइरस संक्रमण

नयाँदिल्ली, ११ मङ्सिर (रासस/एएनआई)।

भारतमा विगत चौबीस घण्टाको अवधिमा थप ४४ हजार ४८९ व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

यसैसँग भारतमा हालसम्म संक्रमितको संख्या ९२ लाख ६६ हजार ७०६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ। जसमध्ये ८६ लाख ७९ हजार १३८ व्यक्ति संक्रमणमुक्त भएका छन्।

भारतमा कोरोना भाइरस संक्रमणबाट २४ घण्टामा थप ५२४ जनाको मृत्यु भएको र यो सहितमा भारतमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ३५ हजार २२३ पुगेको छ।

मन्त्रालयका अनुसार हाल चार लाख ५२ हजार ३४४ व्यक्ति अझै पनि सक्रिय संक्रमित अवस्थामा छन्। भारतमा एकै दिन ५० हजारभन्दा कम संक्रमित भेटिएको यो लगातार १९औँ दिन हो।

भारतभरी सबभन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्रमा अझै पनि ८५ हजार ४८८ व्यक्ति सक्रिय संक्रमित रहेका छन्। त्यसपछि केरलामा ६५ हजार २३४ व्यक्ति सक्रिय संक्रमित रहेका छन् भने राजधानी शहर दिल्लीमा ३८ हजार २८७ जना सक्रिय संक्रमित रहेका छन्।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले भारतमा कूल १३ करोड ५९ लाख ३१ हजार नमूना परीक्षण गरेको जनाएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले गत मंगलबार सरकारले कोभिड-१९ को खोप निर्माण गर्ने सम्बन्धमा गम्भीरतापूर्वक कार्य गरिरहेको बताउँदै खोपको डोज र मूल्य अझै टुंगो नलागेको बताउनु भएको थियो।

उहाँले भन्नुभयो, "सरकारले खोप निर्माणमा ध्यान दिइरहेको छ। हामी खोप निर्मातासँग छलफल गरिरहेका छौं। हामी विश्वका अरु नियामक, सरकार, बहुराष्ट्रिय संघसंस्था र अन्तरराष्ट्रिय कम्पनीसँग पनि छलफलमा छौँ। अहिलेसम्म कति डोज आवश्यक हुन्छ भन्ने स्पष्ट भइसकेको छैन। हामीले अझै यसको सही उत्तर प्राप्त गरिसकेका छैनौं।"

प्रधानमन्त्री मोदीले यही विषयमा राज्यका मुख्यमन्त्रीसँग छलफल गरिरहनु भएको पनि जानकारी दिनु भएको थियो।

### सुरक्षा कारबाहीमा परी नौ तालिबान लडाकू मारिए

हेरात, ११ मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पश्चिमी प्रान्त हेरातको ओबे जिल्लामा अफगान सुरक्षाबलले गरेको सुरक्षा कारबाहीमा परी कम्तीमा नौ तालिबानी लडाकू मारिएका सेनाद्वारा प्रकाशित विज्ञप्तिमा बिहीबार जानकारी दिएको छ।

ओबे जिल्लामा रहेको एक प्रहरी चौकीमा बुधबार अपराह्न तालिबानी लडाकू समूहले गरेको भीषण आक्रमणपछि सुरक्षाबलले गरेको कारबाहीमा परी तालिबानी समूहका नौ लडाकू मारिएका समाचारमा जनाइएको छ।

कारबाहीको क्रममा सुरक्षाबलले युद्धकविमानसमेत प्रयोग गरेको जनाइएको छ। कारबहीको क्रममा अन्य आठ लडाकू घाइते भएका जनाइएको छ।

यस कारबाहीको क्रममा सुरक्षाबलतर्फ भने.कुनै हताहत नभएको र यस क्षेत्रमा तालिबान विरुद्धको कारबाही भने जारी रहेको बताइएको छ।

अफगानिस्तानको राजधानी काबुलबाट ६४० किलो मिटर पश्चिममा रहेको हेरात प्रान्तको प्रन्तीय शहर हेरात शहरमा सक्रिय रहेका तालिबान लडाकू समूहले यस कारबाहीकाके विषयमा कुनै टिप्पणी गरेको छैनन्।

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान बुधबारदेखी सुरु भएको छ ।

सो अभियान अन्तरगत राजविराजमा आयोजित अन्तरक्रिया कार्यक्रममा अधिकारकर्मीहरुले हिंसाको अन्त्यका लागि सबैभन्दा पहिला घर-घरबाट पाइला चाल्नु पर्ने बताएका छन् ।

सप्तरी सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासको अध्यक्षतामा भएको कार्यक्रममा इन्सेकका सदस्य बैद्यनाथ झा, इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेल, उच्च अदालत बार इकाईका अध्यक्ष रमानन्द साह, जिल्ला बार एकाईका अध्यक्ष डोमन साह, एकल महिला समूहकी अध्यक्ष अनीता देवकोटा, साहित्यकार करुणा झा, प्रादेशिक कानुनी सहायता समितिकी किरण साह, जिल्ला कानुनी सहायता समितिका रामप्रसाद गौतम, सप्तरी युथका बिष्णु यादव, हुर्क नेपालका अध्यक्ष पार्थो सरकारलगायतले महिलामाथि हुने मानवताविरोधी हिंसा मेलमिलापमार्फत मिलाउने कार्य अन्त्यका लागि सरकारले ल्याएको नीति व्यवहारिक रुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

यस्तै कार्यक्रममा राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवाल, उपाध्यक्ष मीना साह, नगर बाल सञ्जालकी अध्यक्ष अनीषा ठाकुर, मैथिली महिला परिषदकी प्रतिमा देव, इन्टरनेशनल एलर्टका सरोज भुषाल, समग्र जनउत्थान केन्द्रका रामभरोसी गुप्ता, कृष्णकुमार साह, सुष्मा गुप्ता, महिला मानवअधिकार रक्षक सञ्जालकी मनु खनाल, गीता पाण्डे, साधना कर्ण, पत्रकार ललीता साह, अधिवक्ता मीना देव, पार्वती जोशीलगायतले मन्तव्य राखेका थिए ।

सोही अन्तरक्रिया पश्चात बसेको बैठकले इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलको संयोजकत्वमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मूल समारोह समिति समेत गठन गरेको छ । समितिको सहसंयोजकमा एकल महिला समूहकी अध्यक्ष अनीता देवकोटा र सचिवमा हुर्क नेपालका अध्यक्ष पार्थो सरकार चयन भएका छन् ।

वैठकले लैङ्गिक हिंसाविरुद्ध १६ दिनसम्म पीडितलाई सहयोग, कानुनी शिक्षा, र्‍याली, अन्तरक्रिया, सम्वाद, बालविवाह विरुद्ध अन्तरपुस्ता सम्वाद, बक्तृत्वकला, चित्रकला, कविता प्रतियोगिता, फलफूल वितरण, सरसफाई, पीडितलाई हौसला प्रदानलगायतका कार्यक्रम तय गरेको छ ।

## *कोशी पीडितद्वारा ...*

क्षतिपूर्ती नदिएर अन्याय गरेको भन्दै तीन वटै जिल्लाका कोशी पीडितहरु पटक पटक आन्दोलन गर्दै आएका छन् । तर, हालसम्म आश्वासन बाहेक केही नपाइएको अध्यक्ष अन्सारीको भनाई छ ।

अर्का कोशी पीडित मो. इर्सादका अनुसार २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशका प्रधानमन्त्रीबीच कोशीको समस्या समाधान गर्ने सहमति भएपनि त्यो अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन् ।

मुआब्जाका लागि सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरु संगठित रुपमै दशकौंदेखी चरणबद्ध आन्दोलन गर्दै आएका छन् । यद्दपी नेपाल तथा भारतका सरकारले आफूहरुको माँग र मुद्दाप्रति खासै चासो सम्म देखाउन नसकेको पीडितहरुले आरोप लगाउँदै आएका छन् ।

सुनसरी तथा सप्तरी जिल्लाको सीमामै पर्ने सप्तकोशी ब्यारेज निर्माणका क्रममा भारत सरकारले नेपालतर्फका हजारौं विगहा नम्बरी जग्गा अधिग्रहण गरेको थियो । तर, सम्झौता अनुसार उक्त जग्गाको मुआब्जा तथा बालिनालीको क्षतिपूर्ति अझै पाउन नसक्दा कोशी ब्यारेज निर्माणका क्रममा बिस्थापनमा परेका सुनसरी, उदयपुर र सप्तरीका हजारौं पीडितहरु दशकौंदेखी मुआब्जा माग्दै संघर्षरत छन् ।


## सूचना । सूचना ॥ सूचना ॥।

हाम्रो कृषि सहकारी संस्था लि. राजविराज वडा नं. ७ को मिति २०७७/०८/०९ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७७/०८/२६ गतेका दिन संस्थाको ११ औं बार्षिक साधारण सभा संस्थाको कार्यालयमा हुने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुमा यो सूचना जारि गरिएको छ ।

**भवदीय**
**हाम्रो कृषि सहकारी संस्था लि.**
**राजविराज ७, सप्तरी**


# देशभरिका भिटामिन ‘ए’ खुवाइँदै

काठमाडौं, ११ मङ्सिर (रासस) ।

देशभरिका बालबालिकालाई बिहीबारदेखि भिटामिन ‘ए’ निःशुल्क खुवाउन थालिएको छ । छ महिनादेखि ५९ महिनाका २७ लाख १८ हजार ४५९ बालबालिकालाई बिहीबार र भोलि शुक्रबार भिटामिन ‘ए’ खुवाउन थालिएको हो ।

गत कात्तिक २ र ३ गते खुवाउनुपर्नेमा बडादशैंका कारणले एक महिनापछि खुवाउन थालिएको स्वास्थ्य सेवा विभाग, महिलाकल्याण महाशाखा, पोषण शाखाका जनस्वास्थ्य अधिकृत कल्पना पाण्डेले बताउनुभयो । यसअघि कोरोना भाइरसका कारणले वैशाखमा भिटामिन ‘ए’ कार्यक्रम लागू हुनुपर्नेमा गत असार २२ र २३ गते गरिएको थियो ।

मुलुकका ७५३ स्थानीय तहका सबै वडामा स्वास्थ्य स्वयंसेविकामार्फत भिटामिन ‘ए’ खुवाउन थालिएको हो । सरकारले विसं २०५० देख कुपोषणबाट बचाउन र भिटामिन ‘ए’ बाट हुने रोग नियन्त्रण गर्न भिटामिन ‘ए’ कार्यक्रम लागू गरेको हो । भिटामिन ‘ए’ सँगै जुकाको औषधि (अल्वेण्डाजोल) र बालभिटा खुवाइन्छ । करीब ५२ हजार स्वयंसेविका कार्यक्रममा संलग्न छन् ।

एकदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई जुकाबाट बचाउन औषधि खुवाइन्छ । उहाँका अनुसार यस पटक जुकाको औषधि २४ लाख ८ हजार ३३० बालबालिकालाई खुवाउन थालिएको हो । सन् २००० देखि जुका र आर्थिक वर्ष २०६६/६७ देखि बालभिटा खुवाउन थालिएको हो ।

यस्तै बिहीबार र शुक्रबार नै बालभिटा लागू भएका ४६ जिल्लामा पनि क्याप्सुल खुवाउन थालिएको छ । रक्तअल्पता हुनबाट जोगाउनका लागि बालभिटा खुवाउने गरिन्छ । छ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई बालभिटा खुवाइन्छ । हरेक वर्ष सरकारले निःशुल्करूपमा भिटामिन ‘ए’ कार्यक्रमअन्तर्गत जुकाको औषधि र बालभिटा खुवाउँदै आएको छ ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS | Best Remit Quick & Easy | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*